# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप — बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल साउन २८ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु:

## गाउँ कार्यपालिका बैठक संख्या: ०७/२०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) गाउँपालिकाबाट गत आ.व. २०८२/०८३ मा सम्पादन भएका विकास निर्माण, सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा आम नागरिकलाई जानकारी गराउने, नागरिकका गुनासा, सुझाव तथा जिज्ञासा प्रत्यक्ष रूपमा सुन्ने र गाउँपालिकाको सेवा प्रवाहलाई थप पारदर्शी, जवाफदेही तथा उत्तरदायी बनाउने उद्देश्यले मिति २०८३ साउन २९ गते सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी सम्पन्न गर्ने निर्णय गरियो।<br>२) आन्तरिक राजस्व विभागबाट कार्य सञ्चालन कार्यविधि तथा Standard Operating Procedure (SOP) बमोजिम स्थानीय तहबाट प्रवाह गर्न सकिने करदाता सेवाहरू लिखु तामाकोशी गाउँपालिकाबाट समेत सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा करदाता सेवाको पहुँच अभिवृद्धि, सेवा प्रवाहलाई प्रभावकारी तथा सहज बनाउने उद्देश्यले आन्तरिक राजस्व कार्यालय, धुलिखेल र लिखु तामाकोशी गाउँपालिकाबीच समझदारीपत्र (Memorandum of Understanding-MOU) सम्पन्न गरी सेवा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।<br>३) नेपाल सरकारले मापदण्ड-२०८२ जारी गरेको, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय सेवा (गठन तथा व्यवस्थापन) ऐन, २०७९ को व्यवस्था बमोजिम मिति २०८३ जेठ १३ गतेको कार्यपालिका बैठकले पुनरवलोकन सर्वेक्षणको पूर्व स्वीकृति प्राप्त भएकाले यस लिखु तामाकोशी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण-२०८२ पुनरावलोकन गर्न मापदण्डको दफा ७ बमोजिम देहाएको सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो।<br>४) भुक्तानी हुन बांकी रहेको र सोसंग सम्बन्धित बजेट पालिकाको संचित खातामा नै बांकी रहने हुँदा भुक्तानी हुन बाँकी संलग्न लिष्ट अनुसारको रकम गाउँसभाबाट स्वीकृत भएको बजेटबाट दायित्व भुक्तानी दिने निर्णय गरियो। | |
| २ | आर्थिक विकास क्षेत्र | | |
| ३ | सामाजिक विकास क्षेत्र | | |
| ४ | पूर्वाधार विकास क्षेत्र | ५) लिखु तामाकोशी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ तोकिए बमोजिम पेश भई आवश्यक योग्यता तथा मापदण्ड पूरा गरेको देखिएको हुँदा निवेदक श्री आश्वी कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई "घ" वर्गको निर्माण व्यवसायी प्रमाणपत्र (इजाजतपत्र) प्रदान गर्ने निर्णय गरियो।<br>६) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ को उप नियम १ बमोजिम रामेछाप जिल्लाको स्विकृत जिल्ला दररेट अनुसार, लिखु तामाकोशी गाउँपालिकाको लागि निर्माण सामाग्री, ढुवानी, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला दररेट निर्धारण गरि लिखु तामाकोशी गाउँपालिका स्थानीय दररेट-२०८३/०८४ स्विकृत गर्ने निर्णय गरियो। | |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | ७) गाउँपालिका परिसरमा रहेको विद्युतिय समाग्रीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा धोबी सब-डिभिजन कार्यालयको पछाडीपट्टि रहेको खाली स्थान\जग्गामा सब-डिभिजन कार्यालय, धोबीडाँडासँग समन्वय गरि विद्युतिय समाग्री व्यवस्थापन गर्न ट्रस भवन निर्माण गर्न अनुमती दिने निर्णय गरियो ।<br>८) शिलबन्दि दरभाउको सूचना प्रकाशित गरि सूचना प्रकाशनको मितिले १५ (पन्ध्र) दिनभित्र दररेट उपलब्ध गरि विभिन्न सडक मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।<br>९) गाउँपालिकाको चालु आ.व. २०८३-०८४ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका तथा प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नुपर्ने आयोजना/कार्यक्रमहरुलाई निर्धारित समयभित्र गुणस्तरीय, पारदर्शी, मितव्ययी तथा प्रभावकारी रुपमा सम्पन्न गर्ने सम्बन्धमा छलफल हुँदा देहायबमोजिम गर्ने निर्णय गरियो।<br>• बोलपत्रबाट कार्यान्वयन गर्ने चालु आ.व.का सम्पूर्ण स्वीकृत आयोजना भदौमसान्तभित्र ठेक्का आह्वान गर्ने<br>• उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु असोज मसान्तभित्र उ.स.गठन कार्य सम्पन्न गर्ने,<br>१०) खिम्ती शिवालय-सिमलडाँडा गैरी सडक (गाउँपालिका केन्द्र जोड्ने मुल सडक भएकाले) निर्माण कार्य गर्नुपर्ने अत्यन्त आवश्यकता रहेकाले सो सडकको खिम्ती जिरो किलो-आत्मारासम्मको सडक कालोपत्रे सम्पन्न भएको हुँदा सो सडकको सुरु विन्दु आत्मारा एकिन गरि उक्त वस्ती विकास कार्यक्रम अन्तरगत रामेछाप जिल्ला लिखु तामाकोशी-दखिम्तीबेशी सडक निर्माण तथा अन्य शहरी पूर्वाधार निर्माण कार्य (LMBIS ११.४.२२.१९१२७)-१० करोड कार्यक्रम कार्यान्वनका लागि आवश्यक सहजिकरणका साथ कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो । | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | |

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन

लिखु तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्वन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।